बहु-उमेर समूहका कक्षाहरू: अभिभावक तथा हेरचाहकर्ताहरूका लागि तथ्यपत्र

बहु-उमेर समूहका कक्षाहरू भनेका के हुन्?

बहु-उमेर समूहका कक्षाहरूमा एकभन्दा बढी वर्ष-तहका विद्यार्थीहरू हुन्छन्। यी कक्षाहरूमा एउटै पाठ्यक्रम चरणभित्रका वा विभिन्न पाठ्यक्रम चरणका विद्यार्थीहरू समावेस हुन सक्छन्।

NSW को पाठ्यक्रम निम्न चरणहरूमा व्यवस्थित गरिएको छ:

प्रारम्भिक चरण 1: किन्डरगार्टेन

चरण 1: वर्ष 1 र वर्ष 2

चरण 2: वर्ष 3 र वर्ष 4

चरण 3: वर्ष 5 र वर्ष 6

विद्यार्थीहरू बहु-उमेर वा एउटै वर्ष-तहको कक्षामा भए पनि आफ्नो सम्बन्धित पाठ्यक्रम चरणअनुसार सिक्छन्। उदाहरणका लागि, वर्ष 1/2 को कक्षामा रहेको वर्ष 2 को विद्यार्थीले वर्ष 2 (चरण 1) को पाठ्यक्रम सिक्छ, त्यस्तै वर्ष 4/5/6 को कक्षामा रहेको वर्ष 4 को विद्यार्थीले वर्ष 4 (चरण 2) को पाठ्यक्रम सिक्छ।

मेरो बच्चाको विद्यालयमा बहु-उमेर समूहका कक्षाहरू किन हुन सक्छन्?

अष्ट्रेलियाका विद्यालयहरूमा बहु-उमेर समूहका कक्षाहरू सामान्य हुन् र निम्न कारणले बनाइएका हुन सक्छन्:

- **भर्नाको ढाँचा** – उमेर समूहको आकार वर्षैपिच्छे परिवर्तन हुन्छ। बहु-उमेर समूहका कक्षाहरूले विद्यालयलाई कक्षाको आकार सन्तुलित बनाउन मद्दत गर्छन्।
- **शैक्षिक फाइदाहरू** – सिकाइ र सामाजिक फाइदाहरू प्रदान गर्न सक्ने भएकाले विद्यालयहरूले यस्तो कक्षा संरचना प्रयोग गर्न सक्छन्।
- **साना विद्यालयहरू** – साना तथा ग्रामीण विद्यालयहरूमा बहु-उमेर समूहका कक्षाहरू सामान्य हुन्छन्, जहाँ यसले पूरा कक्षा बनाउन मद्दत गर्छ।

CC BY

विद्यार्थीहरूलाई बहु-उमेर कक्षामा कसरी राखिन्छ?

प्रधानाध्यापक र शिक्षकहरूले निम्न कुराहरू विचार गरेर विद्यार्थीलाई कक्षामा राख्ने निर्णय गर्छन्:

- विद्यार्थीको सिकाइ र सहभागिता।
- विद्यालयभरिका विद्यार्थीहरूको मिश्रण।
- क्षमता, रुचि र सिकाइ आवश्यकताहरूको सन्तुलन।
- सामाजिक कल्याण र मित्रता।
- पाठ्यक्रमको प्रभावकारी शिक्षण।
- कक्षाहरूमा समायोजन र सहयोगको व्यवस्था।

विद्यार्थीहरूको सिकाइलाई सहयोग गर्ने गरी उनीहरूको सर्वोत्तम हितलाई ध्यानमा राखेर कक्षामा राखिन्छ। बहु-उमेर कक्षामा राखिनुको अर्थ विद्यार्थी पाठ्यक्रम चरणको अपेक्षाभन्दा माथि वा तल छ **भन्ने होइन**।

बहु-उमेर समूहका कक्षाहरूमा सिकाइ कस्तो हुन्छ?

शिक्षकहरूले NSW को पाठ्यक्रम प्रयोग गरी सिकाइ योजना बनाउँछन् र विद्यार्थीहरूको आवश्यकता अनुसार आफ्नो शिक्षण परिमार्जन गर्छन्। यसलाई **भिन्नताअनुसारको शिक्षण (differentiation)** भनिन्छ र विद्यार्थीहरूले फरक-फरक गतिमा सिक्ने भएकाले यो सबै कक्षामा हुन्छ।

बहु-उमेर कक्षामा शिक्षकहरूले विद्यार्थीहरूको सिकाइमा प्रगति गराउन विभिन्न तरिकाहरू प्रयोग गर्छन्। यसमा निम्न समावेश हुन सक्छन्:

- केही गतिविधिका लागि सम्पूर्ण कक्षालाई सँगै पढाउने
- विशेष सिकाइ गतिविधिहरूमा साना समूहमा काम गर्ने
- चुनौती वा सहयोग प्रदान गर्न सिकाइलाई विद्यार्थीअनुसार फरक बनाउने
- गतिविधि, स्रोत वा विद्यार्थीहरूले आफ्नो सिकाइ देखाउने तरिका समायोजन गर्ने।

तपाईंका जिज्ञासाहरूको जवाफ

के मेरो बच्चाले शिक्षकबाट कम ध्यान पाउँछ?

कक्षाको संरचनाले विद्यार्थीले कति ध्यान पाउँछ भन्ने निर्धारण गर्दैन। एउटै वर्ष-तहका कक्षाहरूमा जस्तै, विद्यार्थीहरू फरक-फरक सिकाइ चरणमा छन् भन्ने बुझेर शिक्षकहरूले पाठ योजना बनाउँछन्।

के मेरो बच्चाले पहिले नै गरिसकेको काम फेरि गर्नुपर्छ?

शिक्षकहरूले विद्यार्थीको प्रगति अभिलेख राख्छन् र त्यसअनुसार पाठ योजना बनाउँछन्। विद्यार्थीहरूले आफूलाई सम्बन्धित पाठ्यक्रमबाट सिकाइ जारी राख्नेछन् र नयाँ सिकाइतर्फ प्रगति गर्न सहयोग पाउनेछन्।

के मेरो बच्चाले आफ्ना साथीहरूलाई अझै भेट्न पाउँछ?

विद्यालयहरूले कक्षा बनाउँदा मित्रतालाई विचार गर्छन्। विद्यार्थीहरूले विश्राम समय र विद्यालयभरिका गतिविधिहरूमा पनि आफ्ना साथीहरूसँग भेटघाट गर्न सक्छन्।

के बहु-उमेर समूहका कक्षाले मेरो बच्चालाई पढाउने तरिकामा असर गर्छ?

शिक्षकहरूले स्पष्ट शिक्षण विधि प्रयोग गर्छन् र विद्यार्थीहरूको सिकाइ, मूल्याङ्कन, क्षमता र आवश्यकताका आधारमा निर्देशन समायोजन गर्छन्। यो हरेक प्रकारको कक्षामा हुन्छ।

के मेरो बच्चाले थप सिकाइ वा उपयुक्त चुनौतीका अवसरहरू पाउँछ?

NSW का सबै सार्वजनिक विद्यालयहरूले विभागको उच्च क्षमता तथा प्रतिभाशाली विद्यार्थी शिक्षा नीति (High Potential and Gifted Education Policy) अन्तर्गत उच्च सम्भावना वा प्रतिभाशाली क्षमता भएका विद्यार्थीहरूलाई सहयोग गर्छन्। शिक्षकहरूले विद्यार्थीहरूको क्षमता पहिचान गरी त्यसअनुसार उपयुक्त थप सिकाइ वा विस्तारका गतिविधिहरू योजना बनाउँछन्। यो हरेक प्रकारको कक्षामा हुन्छ। बहु-उमेर कक्षामा राखिँदा यी अवसरहरू सीमित हुँदैनन्।

अपाङ्गता भएका विद्यार्थीहरूलाई बहु-उमेर कक्षामा कसरी सहयोग गरिन्छ?

अपाङ्गता भएका विद्यार्थीहरूलाई मूलधार वा सहयोग कक्षा जुनसुकै परिवेशमा भए पनि बहु-उमेर कक्षासहित हरेक कक्षामा सिकाइमा पूर्ण रूपमा सहभागी हुन सहयोग गरिन्छ। शिक्षकहरूले प्रत्येक विद्यार्थीको क्षमता, आवश्यकता र लक्ष्य बुझ्छन् र उनीहरूलाई सफल हुन मद्दत गर्न विद्यार्थीअनुसार फरक शिक्षण, उचित समायोजन र आवश्यक परे व्यक्तिगत सिकाइ तथा सहयोग योजना प्रयोग गर्छन्। उपयुक्त अवस्थामा यी निर्णयहरू विद्यार्थीहरू तथा अभिभावक, हेरचाहकर्ता र सम्बन्धित विद्यालय कर्मचारीसँग मिलेर गरिन्छ। बहु-उमेर कक्षामा राखिनुले विद्यार्थीको व्यक्तिगत सहयोग व्यवस्थामा परिवर्तन गर्दैन।

अनुसन्धानले के भन्छ?

उच्च गुणस्तरको शिक्षण विद्यार्थीको सिकाइमा विद्यालयभित्र प्रभाव पार्ने प्रमुख पक्ष हो र यसको प्रभाव कक्षाको आकार, संरचना वा अन्य स्रोतहरूको भन्दा बढी हुन्छ। अनुसन्धानले देखाउँछ कि शिक्षण राम्रोसँग योजना गरिएको र विद्यार्थीहरूले उपयुक्त सहयोग पाएको अवस्थामा बहु-उमेर कक्षाका विद्यार्थीहरूले एउटै वर्ष-तहका कक्षाका विद्यार्थीसरह शैक्षिक नतिजा हासिल गर्छन्। बहु-उमेर समूहका कक्षाहरूले विद्यार्थीहरूलाई फरक उमेर र क्षमता भएका साथीहरूसँग सहकार्य, समानुभूति र सकारात्मक सम्बन्ध विकास गर्न पनि सहयोग गर्न सक्छन्।

टेलिफोन दोभाषे सेवा

यदि तपाईं यसबारेमा थप जानकारी चाहनुहुन्छ भने, कृपया विद्यालयका प्रधानाध्यापकलाई फोन गर्नुहोस्। आफ्नो सोधपुछमा सहयोग गर्न दोभाषे चाहिन्छ भने, कृपया टेलिफोन दोभाषे सेवालाई 131 450 मा फोन गरी आफ्नो भाषाको दोभाषे माग्नुहोस्। अपरेटरलाई तपाईंले फोन गर्न चाहेको नम्बर बताउनुहोस् र अपरेटरले कुराकानीमा सहयोग गर्न दोभाषेलाई फोनमा जोडिदिनेछन्। यस सेवाका लागि तपाईंले कुनै शुल्क तिर्नु पर्दैन।